नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:

च.नं.:

सिंहदरबार, काठमाडौं
नेपाल।

## प्रेस विज्ञप्ति

मितिः २०८१।०८।०३

डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गर्ने उद्योगहरुको विद्युत महसुल सम्बन्धी विवाद समाधानको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/९/२४ को निर्णय अनुसार सर्वोच्च अदालतका पूर्वन्यायाधीश श्री गिरिश चन्द्र लालको संयोजकत्वमा गठित जाँचबुझ आयोगले मिति २०८१/१/२३ मा पेश गरेको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१।०७।२५ को निर्णय अनुसार विद्युत महसुलको बक्यौता रकम प्रशासनिक तथा प्राविधिक हिसावले आवश्यक जाँच गरी प्रतिवेदन पेश गर्न ललितपुर स्थित नेशनल कलेज अफ ईन्जिनियरिङ्गको प्रा. डा. अरविन्द कुमार मिश्रको संयोजकत्वमा विज्ञहरु रहेको ३ सदस्यीय एक समिति गठन गरिएको छ । उक्त समितिलाई जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिस अनुसार मिति २०७२ माघ देखि २०७५ वैशाखसम्म Time of Day (TOD) मिटर समेतको आधारमा डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरुको बक्यौता विद्युत महसुल निक्यौंल गर्ने सम्बन्धी आवश्यक सत्यतथ्य विवरण/प्रमाण सङ्कलन एवं प्रमाणीकरण गर्ने मुख्य कार्यादेश दिइएको छ ।

(चिरञ्जीवी चटौत)
प्रवक्ता एवं सहसचिव

टेलिफोन : ९७७-१-४२११५१६, ४२११८८६, ४२११४२६, ४२११५१८
इमेल: info@moewri.gov.np
वेबसाइट: https://www.moewri.gov.np